# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

<u>सूचना नं. - १२६/०८२/०८३</u>

## नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य बन्द गरिएको सम्बन्धी सूचना !!!

(प्रकाशित मिति:- २०८३/०२/२९ गते)

ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन मापदण्ड, २०७९) को दफा ४ को उपदफा १६ बमोजिम प्रत्येक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन भन्ने व्यवस्था रहेकाले मिति २०८३/३/१ गतेदेखि मिति २०८३ भदौ मसान्तसम्मका लागि यस चन्द्रकोट गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण खोला, नदी तथा बगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन कार्य पूर्ण रुपमा बन्द गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै उत्खनन् तथा सङ्कलन कार्य बन्द गरिएको अवधिमा कसैले पनि उल्लिखित कार्य नगर्न/नगराउनु हुन अनुरोध गर्दै यस सूचनाको अवज्ञा गरी नियम विपरित उत्खनन् तथा सङ्कलन कार्य गरे/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही गरिने बेहोरासमेत जानकारी गराइन्छ।

....................

(लक्ष्मणप्रसाद चालिसे)

प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मणप्रसाद चालिसे**

**प्रमुख प्रशासकीय अधिकृत**